नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
२०६७
काठमाडौं, नेपाल

# सामाजिक सुरक्षा कोष
# सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण नीति, २०८२

सञ्चालक समितिबाट स्वीकृत मितिः २०८२।५।.....

## १. पृष्ठभूमिः

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणका सन्दर्भमा सबल नीतिगत, कानूनी र संस्थागत संरचना आवश्यक हुन्छ। सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण वित्तीय सुशासन प्रवर्द्धनको अभिन्न अङ्गको रूपमा रहेको हुन्छ। नेपाल सरकारले यस विषयलाई नीतिगत तथा कानूनी दस्तावेजमा उच्च महत्त्वका साथ समावेश गरी कार्यान्वयनमा ल्याएको छ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणको सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) नियमावली, २०८१ तथा नेपाल राष्ट्र बैङ्कबाट जारी निर्देशनको प्रभावकारी कार्यान्वयन गर्न गराउन सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७त. को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सामाजिक सुरक्षा कोषको सञ्चालक समितिले यो नीति बनाएको छ।

## २. नीतिको आवश्यकताः

सामाजिक सुरक्षा कोष सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानीको निवारणका लागि प्रतिबद्ध छ। सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा कोषले नीतिगत र संस्थागत संरचना निर्माण गर्नुपर्ने देखिन्छ। जोखिम पहिचान तथा सोको वर्गीकरण गरी जोखिममा आधारित नियमन तथा प्रतिवेदन प्रणालीलाई सशक्त बनाउन समेत यो नीति आवश्यक भएको हो।

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण गर्ने सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७त. को व्यवस्था समेतको कार्यान्वयनको लागि कोषका लागि यो नीति आवश्यक रहेको छ। कोषमा आबद्ध भएका ग्राहकको योगदान रकम सङ्कलन गर्ने तथा कोषमा जम्मा भएको त्यस्तो रकम वा सापटी सुविधाको उपयोग गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी गर्न सक्ने

सम्भाव्य क्षेत्रमा निरोधात्मक र नियमनकारी उपायलाई थप प्रभावकारी बनाउन कोषले सम्बन्धित निकायमा समेत समयमै जानकारी गराउनका साथै नियमित प्रतिवेदन गर्ने कार्यलाई संस्कारका रूपमा थालनी गर्न कोषका लागि यो नीति बनाई कार्यान्वयनमा ल्याइएको छ।

३. सोचः

सबै र सधैंको लागि योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको सुनिश्चितता गर्दै कोषमा हुन सक्ने सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी जोखिमको निवारण गर्ने।

४. ध्येयः

कोषको कार्यक्षेत्रको आधारमा जोखिमयुक्त क्षेत्र पहिचान गर्दै कोषको प्रभावकारी सूचना प्रणाली मार्फत सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण गर्ने।

५. उद्देश्यः

कोषमा सूचीकरण, योगदान रकम सङ्कलन र कोषबाट सुविधा उपयोग गर्दा हुन सक्ने सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानीको पहिचान गर्दै यसको निवारण गर्नु।

६. रणनीतिहरूः

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणको लागि कोषको रणनीतिहरू देहाय बमोजिम रहेका छन्:-

६.१ सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानीका दृष्टिकोणले कोषको संस्थागत जोखिमको पहिचान, मूल्याङ्कन र वर्गीकरण गरी वार्षिक रूपमा जोखिम मूल्याङ्कन प्रतिवेदन अद्यावधिक गरिनेछ ।

६.२ सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणका लागि कोषमा ठोस जिम्मेवारी सहितको बलियो र सबल संस्थागत संरचनाको व्यवस्था गरिनेछ ।

६.३ जोखिममा आधारित ग्राहक पहिचान प्रणाली अवलम्बन गरी कोषको स्वचालित प्रणाली मार्फत निरन्तर अनुगमन गरिनेछ।

६.४ शङ्कास्पद कारोबार वा गतिविधिको सम्बन्धमा अध्ययन तथा विश्लेषण गरी विश्लेषणको आधारमा शङ्कास्पद कारोबार वा गतिविधिको प्रतिवेदन तत्काल वित्तीय जानकारी इकाईमा पेस गर्ने व्यवस्था गरिनेछ ।

६.५ सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा कोष तथा कोषका पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ।

## ७. संस्थागत संरचना र नीतिको कार्यान्वयनः

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी कार्यलाई व्यवस्थित गर्ने यस नीतिको कार्यान्वयन देहायका संस्थागत संरचना मार्फत् गरिनेछः-

७.१ यस नीतिको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने वा गराउने कार्यका लागि कोषको सञ्चालक समिति सर्वोच्च निकायका रूपमा रहनेछ।

७.२ कोषको सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी जोखिमको व्यवस्थापन तथा यस नीति बमोजिमको व्यवस्था कार्यान्वयन भए वा नभएको सम्बन्धमा अनुगमन गर्न कोषमा जोखिम व्यवस्थापन तथा अनुगमन समिति गठन गरिनेछ।

७.३ नीति कार्यान्वयनका लागि कोषको उच्च व्यवस्थापन समूहलाई जिम्मेवार बनाइनेछ।

७.४ सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी कार्यलाई व्यवस्थित गर्न कार्यान्वयन अधिकारी प्रमुख रहने गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण इकाईको व्यवस्था गरिनेछ।

७.५ कोषको कार्यान्वयन अधिकारी तोकी निजलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) नियमावली, २०८१ तथा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा नेपाल राष्ट्र बैङ्कबाट जारी निर्देशन बमोजिमको कार्य गर्ने वा गराउने जिम्मेवारी दिइनेछ।

७.६ यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि सञ्चालक समितिबाट स्वीकृत सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण कार्यविधि कार्यान्वयनमा ल्याइनेछ।